**निर्णय नं. १**

प्रथम नगर सभाबाट पारित नीति कार्यक्रम बमोजिम ८० वर्ष नाघेका जेष्ठ नागरिकहरुलाई प्रोत्साहन भत्ता कार्यक्रम अन्तर्गत रु. ३,००,०००।- (तीन लाख) बजेट विनियोजन भएकोमा सो कार्यक्रमबाट वार्षिक एक पटकका लागी प्रती ब्यक्ति रु. १,०००।- (एक हजार) थप प्रोत्साहन भत्ता नगरपालिकाको तर्फबाट दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिकाकालाई विभिन्न किसिमको कानूनी सल्लाह लिनु पर्ने भएकोले धनगढी उ.म.न.पा. १ बस्ने अधिवक्त श्री निल प्रसाद तिवारीलाई गोदावरी नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा मिति २०७४/६/१० गते दिईएको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै कानूनी सल्लाहकारको मासिक पारिश्रमिक रु. १५,०००।- (पन्ध्र हजार) तोक्ने र सरकारी कामको सिलसिलामा जिल्ला वाहिर जाँदा शाखा अधिकृत सरहको सेवा सुविधा दिने समेत निर्णय गरियो ।

**निर्णय नं. ३**

गोदावरी नगरपालिकाको वडा नं. ११ मा अवस्थित अस्थायी प्रहरी पोष्टमा श्रोत साधनको अभावमा काम गर्न कठिनाई भएकोले नगरपालिकाको आम्दानी रहने गरि १ (एक) थान मोटरसाईकल खरिद गरि अस्थायी प्रहरी पोष्टलाई भरपाई गरि बुझाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रथम नगर सभाबाट पारित नीति कार्यक्रम बमोजिम मुटु, कलेजो, मृगौला तथा क्यान्सर जस्ता रोगीहरुको उपचारका लागि आर्थिक सहयोग कार्यक्रम अन्तर्गत रु. २,५०,०००।- बजेट विनियोजन भएकोमा सो प्रकृतीका कडा रोग लागेका विरामीहरुलाई जटिल रोग लागेको पुष्टी हुने अस्पतालको प्रमाण पेश हुन आएमा रोगीको अवस्था हेरी एक पटकका लागि बढीमा रु. १०,०००।- (दश हजार) मा नबढ्ने गरि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा समितिबाट छनौट भई प्रथम नगर सभाले पारित गरेका ह्युमपाईप र विद्युत पोल खरिद सम्बन्धीका योजनाहरु नगरपालिकाले नियमानुसार सूचना प्रकाशित गरि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

गोदावरी न.पा. वा.नं. १ बस्ने श्री भोज राज पनेरु, ऐ.ऐ. बस्ने रुप सिंह हमाल र ऐ.ऐ. बस्ने श्री गणेश हमालले श्री उच्च अदालत दिपायल, डोटीमा उत्प्रेषण परमादेश लगायत नगर प्रमुख, कार्यकारी अधिकृत र गोदावरी नगरपालिकाको नाममा रिट मुद्दा दायर गरेकोले नगर प्रमुख, कार्यकारी अधिकृतको कार्य ब्यस्थताका कारण आफै उपस्थित भई जवाफ फर्काउन उपस्थित हुन नभ्याउने भएको हुँदा यस कार्यालयका खरिदार श्री बालकृष्ण जोशीलाई अख्तियारनामा दिई उच्च अदालत पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

राष्ट्रिय दलित नेटवर्क नेपाल, धनगढीको यस नगरपालिकामा १६ जुलाई २०१७ देखि ३१ मे २०१८ सम्म संचालन गरिने मानव अधिकार र आत्मसम्मानका लागि सामुहिक आवाज परियोजना नामक तपसिल बमोजिमको वार्षिक कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र. स. | विषय / गतिविधि कार्यक्रम | स्रोत परिचालन कैफियत | | | | |
|---|---|---|---|---|---|---|
| | | एकाई | योजना (लक्ष्य) | विवरण | बजेट | कैफीयत |
| | **प्रतिफल १ : कार्यक्रम कार्यान्वयन हुने क्षेत्रका जनतामा अविभेद सम्बन्धी कानुन तथा नितिहरु र मानव अधिकार संरक्षण संग सम्बन्धित संयन्त्रहरुका बारेमा समालोचनात्मक बुझाई हुनेछ ।** | | | | | |
| १ | मानव अधिकार अभियानकर्ता परिचालन | जना | २७ जना | निः शुल्क | निः शुल्क | न.पा को २ वटा वडामा |
| २ | स्थानिय तहका निति नियम विश्लेषण तथा समिक्षा | कार्यशाला | ३ | ११२००x३ पटक | ३३६००/- | नगर स्तरमा |
| ३ | मानव अधिकार शिक्षा अभियान | अभियान | १ | | ३३३००/- | २ वटै वडा स्तरमा |
| ४ | मानव अधिकार कर्मी परिचालन | जना | १ जना | १x११x५२५० | ५७७५०/- | २ वटै वडा स्तरमा |
| | **प्रतिफल २ : जातिय भेदभाव तथा छुवाछुतको अन्त्य र सबैका लागि सबै अवस्थामा मानव अधिकार प्रवर्द्धन गर्न दलित तथा गैर दलित समुदाय तथा सबै तहका संस्थाहरुको सामुहिक आवाज र कार्यहरुमा वृद्धि हुनेछ ।** | | | | | |
| ५ | सञ्जाल बैठक | वटा | ८ | २७५० | २२०००/- | नगर स्तरमा |
| ६ | मानव अधिकार र सञ्जाललाई तालिम | | १ | २१२५० | २१२५०/- | नगर स्तरमा |
| ७ | एक्यवद्धता सम्वाद | बैठक | १ | ११२०० | ११२०० /- | नगर स्तरमा |
| | **प्रतिफल ३ : दलित नागरिक समाज संस्थाहरु, सेवा प्रदायक निकायहरु विशेषत गा.वि.स तथा विभिन्न तहका मानव अधिकारका क्षेत्रमा क्रियाशिल संस्थाहरु मानव अधिकारमा आधारित आधारणा (HRBA) लाई व्यवहारिक रुपमा प्रयोगमा ल्याउन सहकार्य गरेका हुनेछन ।** | | | | | |
| ८ | बजेट पैरबि अभियान | अभियान | १ | ९x३०१७ | २७१५३/- | २ वटै वडा स्तरमा |
| ९ | सार्वजनिक सुनुवाई | कार्यशाला | २ | २x१६८५० | ३३७००/- | नगर स्तरमा |
| १० | वार्षिक सामाजिक लेखा परिक्षण | बैठक | १ | १०४०० | १०४००/- | नगर स्तरमा |
| | **जम्मा वार्षिक बजेट** | | | | **२,५०,३५३/-** | |